# विश्वमा शैक्षिक रेडियो प्रसारणको अभ्यास सम्बन्धी विवेचना

**भुवन भण्डारी**
कैलाली बहुमुखी क्याम्पस, सुदूरपश्चिम विश्वविद्यालय
महेन्द्रनगर, नेपाल
Email: bhuwan044@gmail.com | DOI: https://doi.org/10.3126/jdl.v2i1.65411

**लेखसार**

रेडियो प्रसारण हरेक देशको सर्वाधिक पहुँचयोग्य र सर्वशुलभ प्रविधिको सवाल हो । रेडियोले हरेक किसिमका सवाललाई स्थानीय, क्षेत्रीय, राष्ट्रिय र अन्तराष्ट्रियकरण गर्नमा प्रमुख भूमिका निर्वाह गर्दै आएको छ । अझ शैक्षिक प्रसारणहरूले विश्वविद्यालयका अन्तर्निहित ज्ञान, विज्ञान, विवेक तथा शैक्षिक चेतनाको दायरालाई मुखरित गर्ने कार्य समेत गर्दछ । दक्षिण एसियाका भारत, बंगलादेश र नेपालका विश्वविद्यालयले एफएम प्रविधिमा सरकारबाट प्रसारण इजाजतपत्र प्राप्त गरेर १००वाटदेखि ५००वाट प्रसारण क्षमताका एएम/एफएम शैक्षिक रेडियोको सञ्चालन तथा व्यवस्थापन गरिरहेका छन् । सरकारको सम्बन्धित निकायबाट सामुदायिक गैर-मुनाफामुखी प्रकृतिको प्रसारण इजाजतपत्र प्राप्त शैक्षिक रेडियोका विभिन्न स्वरूप तथा संरचनामा कलेज रेडियो, विश्वविद्यालय रेडियो तथा विद्यार्थी रेडियोका रूपमा सञ्चालन र व्यवस्थापन भइरहेका छन् । कलेज रेडियो पत्रकारिताले दिगो विकासमा सहयोग पुऱ्याउनुका साथै शैक्षिक जागरण ल्याउनमा, अनौपचारिक शिक्षाको जग सुनिश्चित गर्नमा, मौलिक लोकपरम्परा, संस्कार र संस्कृति जगेर्ना गर्न तथा सामाजिक मूल्य-मान्यतालाई पुस्तान्तरण गर्नमा समेत अहम् भूमिका खेलेको हुन्छ ।

***शब्दकुञ्जी:*** स्थानीय, क्षेत्रीय, राष्ट्रिय र अन्तराष्ट्रियकरण, कलेज रेडियो, किलोवाट, एएम/एफएम, इजाजतपत्र, पुस्तान्तरण

## परिचय

आम धारणाकै आधारमा भन्ने हो भने पत्रकारिता अभ्यासबाटै सिकिने पेसा हो । अर्कोतिर सैद्धान्तिक शैक्षिक पृष्ठभूमिबाट आएकाहरू भने पत्रकारिता गम्भीर विषय भएकाले यस सम्बन्धी प्रविधिमैत्री शिक्षण र प्रशिक्षण दुबैको अनिवार्यतामा जोड दिन्छन् । तर्क र बहसलाई जसले जसरी गलफत्याइको विषय बनाउन खोजे पनि पत्रकारिता हाँक्ने निकाय भने प्रविधिगत साधनस्रोत सम्पन्न हुनुपर्छ भन्ने हो । पेसागत र व्यावसायिक मापदण्ड कायम राख्न पनि कक्षाकोठामा सैद्धान्तिक ज्ञान सिक्नै पर्छ भन्ने मान्यताले पत्रकारिताको अभ्यासलाई अत्याधुनिक प्रविधिमैत्री बनाएको छ । 'आफ्नो कर्म क्षेत्रलाई पूर्ण गुणात्मक, प्रतिस्पर्धी र पहुँचयोग्य बनाउनेतर्फ पनि सजगता अपनाउनैपर्छ भन्ने यथार्थ अब साझा बुझाइ बनिसकेको छ । बुझाइ केवल दक्षता हासिल गर्ने आधार के हुने- 'पढेर वा परेर' भन्ने मात्रै होइन । फरक यति मात्रै हो कि-संस्थागत पद्धति, प्रणाली, गुणवत्ता बजार केन्द्रित अभ्यासबाटै फरक पहिचान कायम हुने हो । यस्ता तर्कको एउटै आधार भनेको दुबै आवश्यक छन् भन्ने नै हो (पाँडे, २०६७) । रेडियो पत्रकारिता आफैमा

सिनजर्नशील विषय र अभ्यास दुवै भएकोले यसका अभ्यासकर्तामा सैद्धान्तिक र व्यावहारिक ज्ञानको आवश्यकता अनिवार्य शर्त हो ।

## समस्या कथन

रेडियो प्रसारणका विश्वव्यापी अभ्यासलाई हेर्दा तीन प्रकृतिबाट सञ्चालन तथा व्यवस्थापन गरिँदै आएको देखिन्छ । जसमध्ये सरकारी, गैर-सरकारी वा सामुदायिक स्वामित्व र व्यवसायिक स्वामित्वका रेडियो प्रसारण प्रणालीहरू अभ्यासमा छन् । रेडियो प्रसारण पद्धतिको ब्यापकतासँगै पहिलो विश्वयुद्धको समाप्ति लगत्तै अमेरिका लगायतका देशहरूले विश्वविद्यालय मातहतमा एएम र एफएम प्रविधिमा रेडियो प्रसारणका अभ्यास बाक्लिदै गएको छ । सरकारको लगानी तथा निजी शैक्षिक संस्थाहरूले पाठ्यक्रमलाई ध्यानमा राखेर कलेज रेडियो प्रसारण गरिरहेका छन् । विश्वमा अमेरिका, दक्षिण अमेरिका, युरोप, अफ्रिका, अस्ट्रेलिया, एसिया तथा दक्षिण एसियाका विश्वविद्यालयहरूले कलेज वा विश्वविद्यालय हाताबाटै कलेज रेडियो सञ्चालन तथा व्यवस्थापन गरिरहेका छन् । यस किसिमका शैक्षिक रेडियोलाई पाठ्यक्रम केन्द्रित गर्दै विद्यार्थीको शैक्षिक सिकाइलाई व्यवहारिक तथा सिपयुक्त बनाउने प्रविधिका रूपमा अभ्यास गरिएको छ । दक्षिण एसियाका भारत, बंगलादेश र नेपालका विश्वविद्यालयले एफएम प्रविधिमा सरकारबाट प्रसारण इजाजत प्राप्त गरेर १०० वाटदेखि ५००वाट प्रसारण क्षमताका शैक्षिक रेडियोको सञ्चालन तथा व्यवस्थापन गरिरहेका छन् । यस किसिमका कलेज रेडियो प्रसारणलाई कस्तो परिभाषा, पद्धति वा कानुनी प्रणाली अन्तर्गत अभ्यास गरिएको छ भन्ने सवाल अहम् रूपमा पैदा भएको छ । प्रस्तुत अध्ययनले यस विषयलाई केन्द्रीय समस्याका रूपमा उठान गरेको छ । अर्थात् नेपालमा विश्वविद्यालयद्धारा प्रसारण भइरहेका शैक्षिक रेडियो कुन पद्धति वा प्रणाली बमोजिम सञ्चालन तथा व्यवस्थापन भइरहेका छन् ?

## अनुसन्धानका उद्देश्यहरू

हरेक कार्यले विभिन्न किसिमका लक्ष्य तथा उद्देश्य समेटेको हुन्छ । जसका लागि मानवजगत् उद्देश्य प्राप्तिका लागि खट्ने गर्दछ । अझ अध्ययन अन्वेषणात्मक कार्यले त व्यापक लक्ष्य तथा उद्देश्य पूर्तिका लागि विभिन्न रणनीति वा प्रक्रियाहरु अवलम्बन गर्ने गर्दछ । प्रस्तुत अनुसन्धानात्मक लेखमा विश्वमा शैक्षिक वा कलेज रेडियो प्रसारणको अभ्यासको प्रयोजन तथा फाइदाबारे नेपालको सन्दर्भलाई खोतल्ने प्रयत्न गरिएको छ । जसरी सामुदायिक तथा निजीस्तरबाट रेडियो प्रसारण गरेर नागरिकलाई सचेतनाको सञ्जालमा जोड्ने अभ्यास भइरहेको छ, त्यसको नजिक पुग्ने गरी अमेरिका तथा दक्षिण एसियाली मुलुकहरुले समेत शैक्षिक रेडियो प्रसाणलाई महत्वपूर्ण सञ्चार पद्धतिका रुपमा ग्रहण गरिरहेका छन् । यसै यथार्थलाई मध्येनजर गर्दै यस अनुसन्धानात्मक लेखलाई निष्कर्ष उन्मुख गराउन निम्नानुसार केही उद्देश्यहरु तय गरिएका छन् ।

- शैक्षिक रेडियो प्रसारणको उद्देश्य र महत्व उजागर गर्नु,
- नेपालमा प्रसारणमा रहेका शैक्षिक वा कलेज रेडियोको योगदानबारे चर्चा गर्नु,
- कलेज रेडियो प्रसारणका फाइदा तथा व्यवस्थापनका चुनौतीबारे प्रकाश पार्नु,
- शैक्षिक रेडियो प्रसारणबाट विद्यार्थीमा पारेको असर-प्रभावको मूल्याङ्कन गर्नु ।

## पूर्वकार्यको समीक्षा

रेडियो प्रसारणका विविध पद्धतिमध्ये सरकारी, गैरसरकारी वा सामुदायिक तथा निजी वा ब्यापारिक स्वामित्वका बारेमा नेपालमा पनि थुप्रै पाठ्यपुस्तक र अनुसन्धान प्रतिवेदनहरू सार्वजनिक गरिएका छन् । विश्वमा लामो समयदेखि फरक प्रणालीमा गैर-मुनाफामुखी वा सेवामूलक प्रसारणका रूपमा शैक्षिक तथा विश्वविद्यालयस्तरमा सीमित प्रसारण क्षमता भएको रेडियोको सञ्चालन र व्यवस्थापनको अभ्यासका बारेमा गम्भीर तरिकाले अध्ययनहरू भएको पाइंदैन । अमेरिकादेखि युरोप हुँदै एसियासम्मका शैक्षिक संस्थाहरूले सरकारी निकायबाट प्रसारण इजाजतपत्र प्राप्त गरी सञ्चालनमा रहेका कलेज वा विश्वविद्यालय रेडियोले खेलिरहेको भूमिका तथा योगदानका बारे यदाकदा विश्वविद्यालयका संकाय, विभाग तथा डीन कार्यालयले शैक्षिक प्रयोजनका लागि अनुसन्धान भएका देखिन्छन् । तर नेपालको सन्दर्भमा भने शैक्षिक रेडियो प्रसारणलाई राज्यले छुट्टै नियम कानुन, नीति-विधान बमोजिम सञ्चालन तथा व्यवस्थापनको सोच बनाइसकेको छैन । अझैसम्म नेपालका शैक्षिक वा विश्वविद्यालयद्वारा सञ्चालित रेडियोका बारेमा संस्थागत वा व्यक्तिगत तहबाट शैक्षिक रेडियोको प्रभाव, पहुँच तथा आवश्यकता सम्बन्धी अध्ययन अनुसन्धानका प्रक्रिया आरम्भ गरिएका देखिदैनन् । तथापि दक्षिण एसियाका भारत, पाकिस्तान, बंगलादेश तथा श्रीलंकाले रेडियो  प्रसारण ऐन बमोजिम शैक्षिक प्रसारणको नियमन तथा व्यवस्थापन गर्ने गरेको देखिन्छ । बंगलादेशको जगन्नाथ र ढाका विश्वविद्यालयका प्राध्यापक (रहमान, र अन्य, २०१४) ले ‘बंगलादेशमा शिक्षाका लागि रेडियोः प्रवृति तथा भावी क्षेत्र’ शीर्षकमा गरेको एक अध्ययनले विद्यालय तहदेखि विश्वविद्यालयसम्मको शैक्षिक अनुपातलाई अभिबृद्धि गर्ने तथा पाठ्यक्रमलाई दूरशिक्षाका रूपमा तल्लो तहमाझ फैलाउने विश्वासिलो, सर्वशुलभ एवम् भरपर्दो माध्यम बन्न सकेको अध्ययनको नतिजाले देखाएको छ । यसरी विश्वका प्रत्येक राष्ट्रका सरकारी तथा गैरसरकारी स्वामित्वका शैक्षिक संस्थाले आफ्नो बलियो पहिचान स्थापित गर्नका लागि कलेज प्रसारणलाई अनुशरण गरिरहेका छन् । यसैगरी ‘क्याप्पस रेडियोका चुनौती तथा सम्भावनाहरू’ शीर्षकमा भारतको सामुदायिक रेडियो स्टेसनको संगठन (FCRS) (बर्मा, २०१४) ले गरेको गहन अध्ययनले ग्रामीण दूरदराजमा बस्ने नागरिकका मूलभूत समस्या र सम्भावनाको उजागर तथा उनीहरूको सशक्तीकरणको महत्वपूर्ण माध्यमका रूपमा शैक्षिक रेडियोले भूमिका निर्वाह गर्नसक्ने साथै विकास पत्रकारिताको अवधारणालाई आत्मसात गर्न सके यस्ता प्रसारणको भविष्य उज्ज्वल रहेको निष्कर्ष पहिल्याएको देखिन्छ । यसरी गरिएका अध्ययनले शैक्षिक रेडियोले विश्वविद्यालय र समुदायबिचमा प्रगाढ सम्बन्ध मजबुत गर्ने नजिकको माध्यम बन्न प्रयासरत रहेको तथ्य तथ्याङ्कको खुलासा गरेका छन् । कलेज रेडियो सम्बन्धी गरिएको अर्को अध्ययन अन्तर्गत पाकिस्तानको अलामा इकबाल खुला विश्वविद्यालयका प्राध्यापक (जुमानी, २०१९) को‘पाकिस्तानको ग्रामीण क्षेत्रमा शिक्षा विस्तारमा रेडियोको भूमिका’शीर्षकको अध्ययनले टेलिभिजन तथा उच्च गुणस्तरीय इन्टरनेट प्रविधिको पहुँचबाट बञ्चित भूभागहरूलाई देशको साक्षरता अभियानमा समेट्न शैक्षिक रेडियोको अतुलनीय योगदान रहेको यथार्थ खुलासा गरिएको छ । त्यसैगरी पाकिस्तानको अलामा इकबाल खुला विश्वविद्यालयका प्राध्यापकको टिम-नुरेन, र अन्य, २०२१) ले गरेको ‘पाकिस्तानमा क्याम्पस रेडियोको निर्धारक भमिकाः रावलपिन्डी तथा

इस्लामाबाद विश्वविद्यालय सम्बन्धी एक अध्ययन' शीर्षकको अध्ययनले पनि शैक्षिक रेडियोले नयाँ शैक्षिक भर्ना सम्बन्धी सूचित गर्ने, परीक्षाको तयारीबारेमा टिप्सहरू दिने, शैक्षिक उत्कृष्टता हासिल गरेका विद्यार्थीसँग सफलताका प्रसङ्ग खोतल्ने, साप्ताहिक महत्वपूर्ण शैक्षिक गतिविधिहरू प्रसारण गर्ने लगायत विद्यार्थीलाई सहयोगी सेवा प्रवेशका तयारी कक्षाहरू समेत सञ्चालन गर्नसक्ने फरक नतिजा सार्वजनिक गरेको छ ।

शैक्षिक रेडियोबारेको अध्ययनमध्ये लिभरपुल विश्वविद्यालयका प्राध्यापक (ट्रिम्ब्ले, २०१४) ले 'डेल्फी कलेज रेडियोको भविष्य सम्बन्धी एक अध्ययन' मा बिना कुनै व्यवसायिक विज्ञापन तथा मुनाफामुखी कार्यक्रमको उत्पादन र प्रसारणले मात्रै स्थापित मुनाफमुखी ब्यापारिक प्रकृतिका रेडियोसँग प्रतिस्पर्धी बजार कायम गर्न यस्ता शैक्षिक रेडियोले ठुलो चुनौतीको सामना गर्नुपर्ने निष्कर्ष निकालिएको छ । यसरी शैक्षिक प्रसारणको भविष्य तथा प्रभावकारिता सम्बन्धी अध्ययनहरूमध्ये अस्ट्रेलियाको मानस विश्वविद्यालयका प्राध्यापक (बाकर, २०१९) ले 'ब्रुकलिन कलेज रेडियो एक घटनावली अध्ययन' शीर्षकको विस्तृत अनुसन्धानमा कलेज रेडियोले शैक्षिक संस्थाको गर्विलो, दिगो र स्थायी पहिचान कायम गर्ने विश्वासिलो माध्यमका रूपमा स्थापित भइसकेको तथ्यको उजागर गरेको पाइन्छ ।

## अनुसन्धान पद्धति

यस अध्ययनलाई व्यवस्थित, तर्कपूर्ण र उद्देश्यमूलक बनाउने उपयुक्त तथा वैज्ञानिक विधिको अपरिहार्यता छ । किनभने हरेक अधययनले विशुद्ध र गुणात्मक नतिजा पहिल्याउन सक्नुपर्छ । यो गुणात्मक प्रकृतिको अध्ययन अनुसन्धान भएकोले यस अध्ययनले व्याख्यात्मक वा विश्लेषणात्मक विधि, पुस्तकालयीय कार्य तथा प्रत्यक्ष अन्तर्वार्ता विधिको प्रयोग गरिएको छ । तसर्थ, शोध कार्यलाई नतिजा र परिणाममुखी बनाउने क्रममा प्राथमिक तथा द्वितीयक स्रोतबाट तथ्याङ्क संकलन गर्ने प्रयास गरिएको छ ।

## नतिजा र छलफल

नेपालको सन्दर्भलाई केलाउने हो भने पत्रकारिता तथा आमसञ्चार विषयको औपचारिक शिक्षाको इतिहास ज्यादै छोटो छ । 'सर्वप्रथम वि.सं २०३३ साउनदेखि त्रिभुवन विश्वविद्यालय अन्तर्गत रत्न राज्यलक्ष्मी क्याम्पस प्रदर्शनी मार्ग काठमाडौंले २ बर्से प्रवीणता प्रमाणपत्र तहमा पत्रकारिता तथा आमसञ्चार विषयको अध्ययन अध्यापनको शुरूवात गऱ्यो । त्यसको तीनवर्षपछि वि.सं २०३६ सालबाट दुई बर्से स्नातक तहमा उक्त क्याम्पसमा पत्रकारिताको पाठ्यक्रम लागु भएसँगै पत्रकारिताको अभ्यास सम्बन्धमा समाजमा नयाँ बहसको थालनी पनि भयो (आचार्य, २०६७) ।' यसको मूल आशय भनेको पत्रकारिता शिक्षा विश्वमा सर्वव्यापक प्रविधिको सघन अभ्यास हो भन्ने बुझ्नुपर्छ । 'आमसञ्चार शिक्षा भनेकै उच्च गुणस्तरीय प्रविधिको अभ्यासको मूल हो र यसैबाट दक्ष अनि सक्षम जनशक्ति उत्पादन हुनसक्छ । तर पत्रकारिताको अभ्यासलाई जबसम्म सैद्धान्तिक रुपमै बुझाइ र मार्गनिर्देशनको विषय मानिदैन तबसम्म 'पँधेरे सञ्चारमा महिलाको प्रधानता र कचहरी (चौतारी) सञ्चारमा पुरुष बाहुल्य रहने यथार्थ जस्तै स्पष्ट छ (पाँडे, २०६७) ।' 'पत्रकारिता शिक्षाको विश्वव्यापी अभ्यासलाई केलाउने हो भने सन् १९०८ मा अमेरिकाको मैसुर

विश्वविद्यालयले पहिलो पटक पत्रकारिताको पाठ्यक्रम पढाउन शुरू गरेको हो । लगत्तै सन् १९२० सम्म इन्डियाना,न्यूयोर्क सिटी, वासिङ्गटन, जर्जिया, मेनिसोटा तथा आइवा लगायतका एक दर्जनभन्दा बढी विश्वविद्यालयले आमसञ्चार तथा पत्रकारिताको पाठ्यक्रम निर्माण गरी अध्ययन अध्यापनको शुरुवात गरे (दुन, २०१८) ।' यस्तो अभ्यासले सन् १९५० को दशकबाट विश्वविद्यालयको महत्वपूर्ण विषय र प्रशिक्षणको मान्यता प्राप्त गर्न समेत सफल भयो । विश्वविद्यालयका प्राध्यापकमध्येका एड्वार्ड एल्. बारनेइज् र इवी लीले पत्रकारिता शिक्षण र प्रशिक्षणमार्फत थुप्रै परिवर्तनगामी अभियानहरु अमेरिका हुंदै विश्वव्यापी बनाउने अभ्यासमा जुटे । पत्रकारिता आफैमा एक सिपयुक्त पेसा र व्यवसायको रूपमा स्थापित हुन पुग्यो । 'यसै मान्यतालाई महसुस गर्दै नेपालमा भने त्रिभुवन विश्वविद्यालयले पनि वि.सं २०३३ मा प्रवीणता प्रमाणपत्र तहमा र लगत्तै २०३६ मा स्नातक तहमा पत्रकारिता र आमसञ्चार विषयको विश्वव्यापी अभ्यासकै आधारमा पाठ्क्रम लागु गरेको हो (चालिसे, २०६७) ।' पत्रकारिता विषयलाई समग्र ज्ञान र सीपको क्षेत्रका रूपमा स्थापित गर्ने उद्देश्यले पत्रकारिताको विश्व इतिहासदेखि पत्रकारितामा अध्ययन-अनुसन्धान, प्रविधिगत उपयोगिता र प्रयोगको पक्ष, जनसम्पर्क र विज्ञापन क्षेत्र तथा अनुप्रशिक्षणको विषयलाई पाठ्यक्रममा समावेश गरिनु पत्रकारिता अभ्यास गर्न सक्षम र प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्नु नै हो । 'पत्रकारिताको पाठ्यक्रमलाई सैद्धान्तिक र प्रयोगात्मक आधारमा ७०-३० को अनुपातमा विभाजन गरी अध्ययन अध्यापनको विषयका रुपमा विश्वविद्यालयले अभ्यासमा ल्याउनुबाटै के स्पष्ट हुन्छ भने शिक्षणसँगै प्रशिक्षणको मान्यतालाई एक किसिमले आत्मसात गर्नुपर्छ भन्ने हो । अझ नेपालका विश्वविद्यालयपिच्छे स्नातक तथा स्नातकोत्तर तहको पाठ्यक्रममा ६०-४० को अनुपातमा पाठ्यभार कायम गरिएको छ' (आचार्य, २०६७)। तर पाठ्यभार अनुरूप अपवाद बाहेक अधिकाँश कलेजहरुमा प्रविधिगत सुविधा विद्यार्थीको पहुँच र प्रयोगभन्दा बाहिरै छ । सुदूरपश्चिमकै हकमा हेर्ने हो भने यस प्रदेशका नौवटा जिल्लामध्ये कैलाली र कञ्चनपुरमा मात्रै स्नातक तहमा पत्रकारिता विषयको अध्यापन भइरहेको छ । यस प्रदेशकै अग्रणी शैक्षिक संस्था कैलाली बहुमुखी क्याम्पसले सर्वप्रथम त्रिभुवन विश्वविद्यालयको सम्बन्धनमा मानविकी संकायको स्नातक तहमा वि.सं २०६७ सालदेखि पत्रकारिता तथा आमसञ्चार विषयको पाठ्यक्रम लागु गरेको हो । आवश्यक प्रविधिगत पूर्वाधारबिनै अध्यापन गरिदै आए पनि स्रोतसाधन जुटाउने अथक प्रयास स्वरूप २०७२ सालमा जिल्ला विकास समितिको संसदीय निर्वाचन क्षेत्र विकास कार्यक्रमबाट प्राप्त १० लाख बजेट तथा बाँकी क्याम्पसको आन्तरिक स्रोतबाट खर्च गर्ने गरी एफएम रेडियो प्रसारण स्टुडियो निर्माण तथा उपकरण जडानमा करिब १८ लाखभन्दा बढी बजेट लगानी गरियो । जसको फलस्वरूप कैलाली बहुमुखी क्याम्पसका नाममा २०७३ साल पौष ३ गते ५०० वाट प्रसारण क्षमताको ट्रान्समिटर जडान गरी १०४.६ मेगाहर्जमा एफएम रेडियो प्रसारणको इजाजतपत्र नम्बर ९११/२०७३-७४ जारी गरियो (https://mocit.gov.np/source/FM.pdf)।' क्याम्पसको अध्ययन अध्यापन कार्यलाई प्रविधिमैत्री बनाउने उद्देश्यले २०७३ साल माघ १९ गतेदेखि रेडियोको परीक्षण प्रसारण शुरु भई २०७४ साल जेठ १५ गतेबाट बिहान ६बजेदेखि बिहान १० बजेसम्म र दिउँसो ३ बजेदेखि राती १० बजेसम्म रेडियोले समाचारमूलक, मनोरञ्जनात्मक तथा सचेतनामूलक विविध कार्यक्रमहरु उत्पादन तथा प्रसारण गरिरहेको छ । कक्षा १२ मा अध्ययनरत विद्यार्थीदेखि स्नातक तहको

तृतीय वर्षका विद्यार्थीको सम्पूर्ण जिम्मेवारी तथा भूमिका रहने गरी रेडियो केएमसी 'Radio KMC' कलसाइनमा दैनिक १२ घण्टा प्रसारण भइरहँदा यस प्रदेशका ९वटै जिल्लामा यस रेडियोको पहुँच समेत कायम भएको छ (https://radiokmc.com/ live).'अर्कोतिर वि.सं २०७३ सालदेखि सुदूरपश्चिम विश्वविद्यालयले सेमेस्टर प्रणालीमा आधारित भएर स्नातक तहमा आमसञ्चार तथा पत्रकारिता विषयको पाठ्यक्रममा ६०-४० को अनुपातमा पाठ्यभार कायम गरी पठनपाठन शुरु गरेको हो । तर विषयगत प्रयोगात्मक पाठ्यभार ४० प्रतिशत कायम गरिए पनि विद्यार्थीले प्रविधिगत प्रशिक्षणको अभ्यास गर्ने कुनै व्यवस्था निश्चित गरिएको छैन । विश्वविद्यालयको केन्द्रीय क्याम्पस सिद्धनाथ बहुमुखी क्याम्पसमा पठनपाठन भइरहेको आमसञ्चार तथा पत्रकारिता विषयको प्रयोगात्मक अभ्यासका लागि अझै कुनै पनि किसिमको प्रविधिगत सुविधाको प्रावधान छैन । 'नेपालमा वि.सं २०५६ सालदेखि नेपालको उच्चमाध्यमिक शिक्षा परिषद् अन्तर्गत कक्षा ११ र १२ मा आमसञ्चार तथा पत्रकारिता अध्ययनलाई पाठ्यक्रममा समावेश गरेको हो । पत्रकारिता सम्बन्धी सैद्धान्तिक ज्ञानको दायरालाई तल्लो तहसम्म विस्तार गर्ने हेतुले नेपाल सरकारको माध्यमिक शिक्षा पाठ्यक्रम विकास केन्द्रले कक्षा ९ र १० मा समेत ऐच्छिक विषयका रुपमा पठनपाठनको व्यवस्था गरेको छ ।विश्वविद्यालय स्तरको स्नातकोत्तर तहमा भने वि.सं २०५८ मा त्रिभुवन विश्वविद्यालय, पूर्वाञ्चल र पोखरा विश्वद्यिालयले समेत पाठ्यक्रम लागु गरेको हो (आचार्य, २०६७) ।

केन्द्रीकृत पत्रकारिता शिक्षालाई मोफसलसम्म विस्तार गर्ने लक्ष्य र उद्देश्यका साथ सुदूरपश्चिममा पहिलो पटक वि.सं २०६४ सालमा उच्चमाध्यमिक शिक्षा परिषद्बाट अनुमति लिई यस क्षेत्रको अग्रणी उच्च शैक्षिक संस्थाका रूपमा रहेको कैलाली बहुमुखी क्याम्पसले आमसञ्चार तथा पत्रकारिता विषयको पठनपाठन शुरु गरेको हो । साथै, त्रिवि डीन कार्यालयबाट स्वीकृति प्राप्त गरी २०६७ सालबाट यस क्याम्पसले स्नातक तहमा आमसञ्चार तथा पत्रकारिता विषयको पाठ्यक्रमको अध्यापन सुरु गरेको हो ।

आमसञ्चार शिक्षाका कारण आजको पत्रकारिताको अभ्यास गुणात्मक र व्यवसायिकतामा परिणत भएको छ । जसको मुख्य कारण भनेकै पत्रकारिताको शिक्षणलाई प्रविधि उन्मुख गराउँदै लैजानु हो । जसरी विज्ञान विषयको अध्ययनका लागि सुविधा सम्पन्न प्रयोगशालाको अनिवार्यता हुन्छ ।'पत्रकारिताको सैद्धान्तिक पक्षलाई व्यावहारिकतामा परिणत गर्न आमसञ्चार विषयको अध्ययन अध्यापनमा अग्रसर शैक्षिक संस्थाले पत्रकारिताको प्रयोगशाला तथा अभ्यासकक्षको व्यवस्था गरेकै हुनुपर्छ । पत्रकारिता अभ्यासका लागि कम्प्युटर ल्याब, फोटोग्राफी (डार्करुम) ल्याब, क्यामेरा (फोटो/मुभि), रेकर्डर, प्रविधियुक्त स्टुडियो (एफ.एम/टेलिभिजन) आदि प्रविधिको सर्वसुलभता र उपलब्धता हुनैपर्छ (उप्रेती, २०६६) ।' विश्वमा पत्रकारिताको शिक्षणसँगै प्रशिक्षित गराउदैं लैजाने ध्येयले सम्बन्धित शैक्षिक संस्थाहरुले प्रविधिको आवश्यकता महसुस गर्न थालेको स्पष्ट हुन्छ । विगतको अक्षर छापाखाना अब संग्रहालयमा परिणत भैसकेको अवस्थामा अबका दिनमा अत्याधुनिक प्रसारण प्रणालीका अतिरिक्त डिजिटल प्रविधिको उपयोगिता र प्रयोगको व्यापकतालाई बोध गर्नैपर्नेछ । पत्रकारिता तथा आमसञ्चार विषयको शिक्षण सिकाइ कार्यलाई वैज्ञानिक र विधिसम्मत बनाउन अमेरिकी विश्वविद्यालयहरुले छापाखाना सञ्चालन गर्नेदेखि एएम/एफएम प्रविधिमा रेडियो प्रसारण तथा टेलिभिजन नेटवर्कहरु सञ्चालन गरिरहेका थुप्रै उदाहरणहरू हामी सामु छन् । अमेरिकी विश्वविद्यालयले सन्

१९५०कै दशकमा कलेज एफएम सञ्चालन गरी आमसञ्चार तथा पत्रकारिता शिक्षालाई व्यावहारिक बनाउने अभ्यास सुरु गरे । हाल अमेरिकामा प्रायः शैक्षिक संस्थाहरुले आमसञ्चार माध्यमहरू सञ्चालन गर्दै विश्वविद्यालयको पठनपाठन कार्यलाई प्रविधियुक्त बनाइरहेका छन् । विश्वमा अधिकांश कलेजहरूले बिना सरकारी स्वामित्व र लगानीमा २० देखि ५० वाट क्षमताका हजारौं शैक्षिक रेडियोहरू सञ्चालित छन् ।

**तस्बिरः १**

अमेरिकाको मिसिसिपी भ्याली स्टेट विश्वविद्यालयद्वारा सञ्चालित कलेज रेडियो डब्ल्युभिएसडी ९१.७ मेगाहर्ज एफएम रेडियोको लोगो समेटिएको छ ।

स्रोतः https://www.mvsu.edu/radio-station-home/mvsu-radio-listen-live-wvsd-917


विश्वमा शिक्षण पद्धतिलाई प्रविधिमैत्री बनाउनुपर्छ भन्ने सोच र अभ्यास विकसित मुलुकहरूबाटै सुरुवात भएको हो । विशेष गरी प्राविधिक धारका विषयलाई ध्यानमा राखेर सम्बन्धित शिक्षालय वा विश्वविद्यालयले प्रविधिको जोहो गर्ने अभ्यासमा लगानी गरेकै पाइन्छ । किनभने त्यो कुरा उक्त विषयको आधारभूत मापदण्ड तथा आवश्यकताभित्रै पर्दछ । यसैको परिणामस्वरुप संयुक्त राज्य अमेरिकामा सर्वप्रथम सन् १९१५ मै टेक्निकल तथा ट्रेनिङ्ग स्कूलका रुपमा सञ्चालित न्यु योर्क राज्यको युनियन कलेजले विद्यार्थीको पहलमा रेडियो क्लब गठन गरी वाल्टर एल.अपसनका नाममा टुवाइयु '2YU' कलसाइन सहितको एम्प्लिट्युड मोडुलेसन फ्रिक्वेन्सीमा रेडियो प्रसारणको लाइसेन्स जारी गरियो । 'प्रथम विश्वयुद्धको अवधिताका सन् १९१४देखि १९१९सम्म सबै प्रकृतिका रेडियो प्रसारणहरू बन्द गरियो भने पुनः १९२० बाट स्थगित रेडियो प्रसारणलाई खुला गरिएसँगै युनियन कलेज इलेक्ट्रिकल्स ल्याब्रेटरीका इन्चार्ज विन्डेल किङ्गस्का नाममा टुएडीडी '2ADD' कलसाइनमा रेडियो प्रसारणको सरकारी इजाजतपत्र जारी गरियो (https://www.2dd.online/) ।'

जसअनुसार कलेजले दुईवटा प्रसारण तालिकामा बिहान ८ बजेदेखि ८:३० सम्म र बिहान ९ देखि ९:३० बजेसम्म विविध साङ्गीतिक कन्सर्टको आयोजना गर्न पाउने गरी ३५० मिटर ब्यान्डमा ८५७ किलोहर्ज फ्रिक्वेन्सीमा एम्प्लिट्युड मोडुलेसनमा रेडियो प्रसारणको शुरूवात गऱ्यो । तर अमेरिकी आर्थिक विभागले सन् १९२१ डिसेम्बरमा एक सूचना जारी गर्दै रेडियो प्रसारणलाई व्यावसायिक तथा गैर व्यावसायिक प्रकृतिमा

विभाजन गर्ने गरी निजी प्रयोजन रेडियो (Amature Radio Broadcast) प्रसारणलाई ३६० मिटर ब्यान्डमा ८३३ किलोहर्जर व्यावसायिकतर्फ ४८५ मीटर ब्यान्डमा ६१९ किलोहर्ज फ्रिक्वेन्सीमा प्रसारण गर्ने निर्देशिका जारी गऱ्यो । सन् १९२४मा उक्त लाइसेन्स रद्ध गरियो र सन् १९४८ पछि अमेरिकी संघीय सञ्चार कमिसनले १० वाटका गैर-व्यावसायिक प्रयोजनका लागि एफएम (Frequency Modulation) रेडियो प्रसारणको ढोका खोलिदिएसँगै विद्यालय तथा विश्वविद्यालयहरुले औपचारिक रूपमै रेडियो प्रसारणको अवसर प्राप्त गरे । 'अमेरिकामा सर्वप्रथम शैक्षिक एफएम रेडियो प्रसारणको अनुमति भने इन्डियाना राज्यको न्यु अल्ब्यान्य हाई स्कूलले सन् १९४९को मे २८ मा डब्ल्युएनएएस 'WNAS' नामक रेडियो प्रसारणको अनुमति पायो । सो रेडियो १९५० वाट क्षमताको ट्रान्समिटर मार्फत ८८.१ मेगाहर्ज फ्रिक्वेन्सीमा विद्यालयको प्रांगणबाट विद्यार्थीको सक्रियतामा सञ्चालनमा आयो । हाल उक्त रेडियो अन्तर्गत टेलिभिजन प्रसारणको समेत अभ्यास भइरहेको छ (https://wnas.org/radio/)।' यसरी प्रसारण इजाजतपत्र प्राप्त कलेज रेडियोलाई विभिन्न नाममा शैक्षिक रेडियो, विश्वविद्यालय रेडियो तथा विद्यार्थी रेडियोका रूपमा सञ्चालनमा ल्याइएका छन् ।

**तस्बिरः २**

अमेरिकामा पहिलो पटक फ्रिक्वेन्सी मोडुलेसन (FM) df New Albany High School को स्वामित्वमा प्रसारण भएको हाइस्कुल रेडियो हो जुन ८८.१ मेगाहर्जमा अनलाइनमा समेत सुन्न सकिन्छ ।




स्रोतः https://wnas.org/radio/

विश्वविद्यालयको हकमा पनि अमेरिकाको न्यु योर्क विश्वविद्यालयले सन् १९४९ मा संसदीय सञ्चार आयोग एफसीसीबाट प्रसारण इजाजतपत्र प्राप्त गरेर ८९.१ मेगाहर्जमा ८३०० वाट क्षमताको ट्रान्समिटर मार्फत ११वटा विश्वविद्यालयलाई समेटेर डब्ल्युएनवाइयु 'WNYU-FM' कलसाइनमा बिहान ४ बजेदेखि रातको १ बजेसम्म विविध शैक्षिक, मनोरञ्जनात्मक तथा ताजा गतिविधिमूलक कार्यक्रमहरु उत्पादन गर्दै आएको छ । (https://en.wikipedia.org/wiki/WNYU-FM) हाल अमेरिकामा मात्रै २० वाट क्षमतादेखि १००० वाट प्रसारण क्षमताका ४ हजारभन्दा बढी शैक्षिक रेडियो छन् भने १७ हजारको संख्यामा देशब्यापी एएम तथा एफएम प्रविधिमा रेडियो प्रसारण भइरहेका छन् । संयुक्त अधिराज्य बेलायतमा भने ढिलो गरी सन् १९८८मा विश्वविद्यालयका विद्यार्थीहरूको साझा संस्थाका रुपमा विद्यार्थीको राष्ट्रिय प्रसारण संगठन

NASB' गठन गरिए पश्चात शैक्षिक रेडियो प्रसारणको शुरूवात भएको पाइन्छ । तर सन् २००२ मा एक्कासी उक्त संगठनलाई भंग गरी २००७ मा मात्रै विद्यार्थी रेडियो संगठन 'SRA' का रुपमा आधिकारिकता प्रदान गर्दै प्राइभेट कम्पनी लिमिटेडका रूपमा सञ्चालन हुन पाउने नियम कायम गरियो । यस किसिमको निर्देशिकाले शैक्षिक रेडियोले सामुदायिक हितमा आधारित कार्यक्रमहरू मात्रै प्रसारण गर्न पाउने अवस्था पैदा भयो । 'सन् १९८३ मा परोपकारी संस्थाका रुपमा गठित रेडियो एकेडेमीको मातहतमा रहने गरी हाल बेलायतमा ६५ भन्दा बढी विद्यार्थी रेडियो प्रसारण संगठनहरू सञ्चालनमा छन् जसको मुख्य कार्य भनेको विद्यार्थीको व्यक्तित्व विकास गर्ने, विद्यार्थीलाई आन्तरिक तथा बाह्य रोजगारी सिर्जनामा सहयोग गर्ने, सामाजिक हितका सवालहरूलाई राष्ट्रिव्यापी ध्यान आकर्षित गर्ने उद्देश्यले कलेज रेडियोको प्रसारणमा जोड दिएको देखिन्छ (https://en.wikipedia.org/wiki/Student_Radio_Association)' हरेक वर्ष कलेज रेडियो स्टेसनका म्यानेजरहरूको मतभारबाट ६ सदस्यीय एसआरए (SRA) कार्यकारी बोर्डको समेत गठन गर्ने फरक अभ्यास बेलायतमा गरिएको छ । बेलायतमा विद्यालय तहदेखि विश्वविद्यालय तहसम्मका कलेज रेडियोलाई Amplitude Modulation Frequency मा मात्रै प्रसारण इजाजतपत्र प्रदान गरिएको छ । 'दक्षिण एसियाली मुलुकको हकमा भने सर्वप्रथम पाकिस्तानको दवाह एकेडेमी अन्तरार्ष्ट्रिय इस्लामिक विश्वविद्यालय (DAII University) र पञ्जाब विश्वविद्यालय (Panjab University) ले सरकारको छापा तथा प्रसारण माध्यमको नियमनकारी निकाय (PERMA) तथा ऐन २००२ का आधारमा रेडियो सञ्चालनका लागि लाइसेन्स प्राप्त गरेको हो (नुरिन, र अन्य २०२१) ।' लगत्तै भारतमा सन् २००३ मा इन्दिरा गान्धी राष्ट्रिय खुला विश्वविद्यालय (IGNOU) ले ज्ञानवाणी (Gyan Vani) नामक पहिलो शैक्षिक रेडियो सञ्चालनमा ल्याएको हो । १० किलोवाट (10kwtt) प्रसारण क्षमता भएको यस ज्ञानवाणीले भारतका ४० वटा लिङ्कमार्फत विभिन्न विश्वविद्यालयमा प्रसारण हुने गर्दछ । भारत सरकारले गैर-व्यवसायिक प्रयोजनका लागि भनेर सीमित प्रसारण क्षमताका १ एक हजार रेडियोलाई प्रसारण इजाजतपत्र प्रदान गरेको थियो (चन्दर र शर्मा, २००३) ।' तर औपचारिक रूपमा सरकारबाट इजाजतपत्र प्राप्त गरी कलेज रेडियो प्रसारणको सुरूवात सर्वप्रथम चेन्नाइको अन्ना विश्वविद्यालय (Anna University) ले सन् २००४ फेब्रवरी २ मा एफएम रेडियो प्रसारण गरेको देखिन्छ । क्याप्स रेडियोका रूपमा अन्ना ९०.४ एफएमको स्नापनार्थ संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम युएनडीपी (UNDP) ले प्राविधिक सहयोग गरेको थियो (https://www.irrodl.org/index.php/irrodl/article/view/118/198)' । हाल भारतमा १ दर्जनको संख्यामा कलेज रेडियोहरू प्रसारणमा रहेका छन् । दक्षिण एसियाको सबैभन्दा साधन स्रोत तथा प्रविधि सविस्तार र प्रभावकारिता सुनिश्चत गर्ने माध्यम नै रेडियो हो भन्ने अवधारणालाई आत्मसात गर्न सकेको छैन । 'यसै गरी बंगलादेशमा पनि विश्वविद्यालयहरूले गैरमुनाफामुखी प्रकृतिका शैक्षिक रेडियोको प्रसारण गर्ने क्रममा सन् २०१५ मा बंगलादेश इन्जिनियरिङ्ग तथा प्राविधिक विश्वविद्यालय (Bangladesh University of Engineering and Technology) ले BUET radio प्रसारणमा ल्याएको हो । लगत्तै खुल्ना विश्वविद्यालय (Khulna University of Engineering and Technology) ले पनि KUET radio को प्रसारण विद्यार्थी युनियनले विद्यार्थीको हकहित तथा कल्याणका लागि गर्ने गरी प्रसारण भइरहेको छ

(https://en.wikipedia.org/wiki/Campus_radio#Bangladesh)’

**तस्बिरः ३**

बंगलादेशको पहिलो र दोस्रो कलेज रेडियो जुन विद्यार्थीले हाल अनलाइनमा नियमित प्रसारण गरिरहेका छन् । बंगलादेश तथा खुल्ला इन्जिनियरिङ्ग तथा प्राविधिक विश्वविद्यालयद्वारा सञ्चालित शैक्षिक एफएम रेडियोका लोगोहरू ।

नेपालको सन्दर्भमा भने त्रिविको पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभाग रत्न राज्यलक्ष्मी क्याम्पस प्रदर्शनी मार्गले वि.सं २०६३ मा नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट १८८/२०६३-०६४ को दर्ता नम्बरका आधारमा १०७ मेगाहर्जमा टियु एफएमका रुपमा रेडियो प्रसारणको इजाजतपत्र अनुमतिपत्र प्राप्तगरी २०६८ देखि १०० वाट क्षमताको पहिलो क्याम्पस रेडियोको प्रसारण सुरू गरेको हो । रत्नराज्य लक्ष्मी क्याम्पस प्रदर्शनी मार्गको मातहतमा रहेको टियु एफएमले दैनिक दुई घण्टा बिहान ७ देखि ९ बजेसम्म काठमाण्डौका शैक्षिक गतिविधि तथा समसामयिक सवाललाई रेडियोमा प्रसारण गरिरहेको छ । सम्बन्धित टियु एफएम (TU FM, 107 MHz) को सञ्चालन तथा व्यस्थापनको जिम्मेवारी समन्त आचार्यको हातमा रहेको छ -https://soundcloud.com/tufm/https://www.ratnarajyalaxmicampus.edu.np/educational-aids) ।’

**तस्बिरः ४**

त्रिभुवन विश्वविद्यालयको आंगिक क्याम्पस रत्नराज्य लक्ष्मी क्याम्पसले आमसञ्चार तथा पत्रकारिताको केन्द्रीय विभागको मातहतमा सञ्चालन भइरहेको विश्वविद्यालय एफएम १०७ मेगाहर्ज नेपालको पहिलो शैक्षिक रेडियो क्याम्पस हाताबाट दैनिक २ घण्टा प्रसारण भइरहेको छ ।

TU FM 107 Mhz



स्रोतः https://www.ratnarajyalaxmicampus.edu.np

त्यस्तै काठमाडौं उपत्यकाभित्रै मदन भण्डारी मेमोरियल कलेज वानेश्वरले पनि नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट २०८/२०६३(०६४ को दर्ता नम्बरका आधारमा ९३.५ मेगाहर्जमा कलेज रेडियो प्रसारणको इजाजतपत्र प्राप्त गरी भाडामा रेडियो प्रसारण भइरहेको छ । सो मदन भण्डारी मेमोरियल क्याम्पसले पत्रकारिता तथा आमसञ्चार विषयको पाठ्यक्रमलाई व्यावहारिक र प्रविधिमैत्री बनाउन प्रयत्नशील देखिन्छ । यस कलेजले +२ तहदेखि स्नातकोत्तर तहसम्मको पत्रकारिता तथा आमसञ्चार विषयको पाठ्यक्रमलाई अध्ययन-अध्यापनको विषय बनाएको छ ।

**तस्बिरः ५**

नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले २०७९ श्रावण महिनामा आफ्नो वेबसाइटमा सार्वजनिक गरेको सूचीमध्ये निजी, सामुदायिक तथा शैक्षिक संस्थाहरुले एफएम रेडियो सञ्चालन र प्रसारण गर्ने गरी इजाजतपत्र प्राप्त रेडियोको अवस्थालाई नेपालका तीनवटा विश्वविद्यालयका आंगिक तथा सम्बन्ध प्राप्त कलेजहरुमा त्रिभुवन विश्वविद्यालयको पत्रकारिता केन्द्रीय विभाग, पोखरा विश्वविद्यालयको सम्बन्धन भएको कलेज अफ जर्नालिज्म एन्ड कम्युनिकेसन प्रा.लि. त्रिविको सम्बन्धन प्राप्त मदन भण्डारी मेमोरियल कलेज, सुदूरपश्चिम विश्वविद्यालयको आंगिक क्याम्पस कैलाली बहुमुखी क्याम्पस तथा मध्यपश्चिम विश्वविद्यालयले रेडियो युनिभर्सिटी कल साइनमा एफएम रेडियो प्रसारणका लागि १०० देखि ५०० वाट प्रसारण क्षमताको इजाजतपत्र लिएको व्यहोरा रेखाङ्कित गरिएको छ ।

नेपाल सरकार

सूचना तथा सञ्चार मन्त्रालयबाट

<u>इजाजतपत्र प्राप्त एफ.एम.रेडियोहरुको विवरण</u>

| सि.नं. | फा.नं. | प्रसारण संस्थाको नाम | कल साइन | प्रसारण क्षेत्र/जिल्ला | इजाजत जारी मिति | फ्रिक्वेन्सी मेगाहर्ज | ट्रान्समिटर पावर आउटपूट (वाट) |
|---|---|---|---|---|---|---|---|
| ९४. | १७९ | रेडियो फिक्कल प्रा.लि. फिक्कल गा.वि.स. ३ इलाम | रेडियो फिक्कल | इलाम | ०६३।७२३ | ९०.६ | ५०० वाट |
| ९५. | १८० | नेपाल बाल तथा महिला शिक्षा सहकार्य (पीसवीन) रेडियो वाजुरा | रेडियो वाजुरा | बाजुरा | ०६३।७२४ | १०४ | ५०० वाट क्षमता वृद्ध गरिएको |
| ९६. | १८१ | विकास मञ्च नेपाल (मादी सेती एफ.एम.), व्यासनगरपालिका ११, तनहूं | मादी सेती एफ.एम.) | तनहूं | ०६३।७२६ | १०५.८ | १००० वाट |
| ९७. | १८२ | नेपाल भाषा एकेडमी (नेवा: एफ.एम.) किर्तिपूर ११ | नेवा: एफ.एम. | काठमाण्डौ | ०६३।७२६ | १०६.६ | १०० वाट |
| ९८. | १८५ | विश्वनाथ कनेक्सन प्रा.लि. (मेची ट्युन्स), मेचीनगर न.पा. १२ झापा | एफ.एम. मेची ट्युन्स | झापा | ०६३।७२७ | ९६.८ | ५०० वाट |
| ९९. | १८७ | फूलवारी एफ.एम. प्रा.लि. (फुलवारी एफ.एम. हसनपूर गा.वि.स. कैलाली | फुलवारी एफ.एम. | कैलाली | ०६३।७२८ | ९३.२ | ५०० वाट |
| १००. | १८८ | पत्रकारिता तथा आम सञ्चार केन्द्रीय विभाग (टि.यु.एफ.एम.) प्रदर्शनी मार्ग, काठमाण्डौ | टि.यू. एफ.एम | काठमाण्डौ | ०६३।७२९ | १०७ | १०० वाट इमता वृद्धि गरिएको |
| १११. | २०३ | कलेज अफ जर्नालिज्म एण्ड कम्युनिकेशन प्रा.लि. (सि.जेएम.सि. सामूदायिक रेडियो), धम्बाराही | सि.जे.एम.सि. सामूदायिक रेडियो | काठमाण्डौ | ०६३।९।२ | १०६ | १०० वाट |
| ११२. | २०६ | नारायण परिवार क्लव, का.म.न.पा. १३, काठमाण्डौ | | काठमाण्डौ | ०६३।९।३ | ८७.६ | १०० वाट |
| ११३. | २०८ | मदन भण्डारी मेमोरियल कलेज, रातोपुल, काठमाण्डौ | | काठमाण्डौ | ०६३।९।६ | ९३.५ | १०० वाट |
| ११४. | २१० | समुदायका लागि संचार, (रडियो कोहलपूर) नेपालगन्ज ३, वांक | रेडियो कोहलपूर | वांके | ०६३।९।७ | १०१.२ | ५०० वाट |
| ६८४. | ९०७/०७३/७४ | भिजन नेपाल | (भिजन एफ.एम.) | ओखलढुंगा | २०७३।९।११ | ९०.५ | १०० वाट |
| ६८५. | ९०८/०७३/७४ | भञ्ज्येक सामुदायिक विकास तथा सञ्चार केन्द्र | | हंसपुर-४, गोरखा | २०७३/०८/२० | ८९.२ | १०० वाट |
| ६८६. | ९०९/०७३/७४ | नेत्रज्योती संचार प्रा.लि. | | ठुलोसिरुवारी -७, सिन्धुपाल्चोक | २०७३/९/११ | ८८.१ | १०० वाट |
| ६८७. | ९१०/०७३/७४ | प्लस मिडिया नेटवर्क | एफ.एम.प्लस | गौरादह -८, झापा | २०७३/९/११ | ८९.१ | १०० वाट |
| ६८८. | ९११/०७३/७४ | कैलाली बहुमुखी क्याम्पस | रेडियो के.एम.सी | धनगढी -७ ,कैलाली | २०७३/९/०३ | १०४.६ | ५०० वाट |
| ६८९. | ९१२/०७३/७४ | श्री रेडियो छिन्नमस्ता | शिवांसु एफ.एम. | राजविराज -७, सप्तरी | २०७३/९/१४ | ९१.० | ५०० वाट |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७०५. | ९२७/०७३/७४ | श्री सृजनशील पाइला | रेडियो नयाँ सफलता एफ.एम. | का.म.न.पा.-३२, अनामनगर, काठमाण्डौ | २०७३/०९/२६ | १०२१. | १०० वाट |
| ७०६. | ९२८/०७३/७४ | श्री परिवर्तनका लागि जागरण नेपाल | रेडियो भैरवी | विदुर ३, नुवाकोट | २०७३/११/१५ | ८८ | १०० वाट |
| ७०७. | ९२९/०७३/७४ | श्री रौलेश मिडिया प्रा.लि. | रेडियो रौलेश | रामगढवा-३, पर्सा | २०७३/११/१५ | १०४४. | १०० वाट |
| ७०८. | ९३०/०७३/७४ | श्री मध्यपश्चिमाञ्चल विश्वविद्यालय | रेडियो युनिभर्सिटी | विरेन्द्रनगर-९, सुर्खेत | २०७३/०९/१३ | ९५.९ | ५०० वाट |

तस्बिर स्रोतः सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको वेबसाइट

**तस्बिरः ६**

सुदूरपश्चिम प्रदेशको कैलाली बहुमुखी क्याम्पसका नाममा २०७३ साल पौष ३ गते ५००वाट प्रसारण क्षमताको ट्रान्स मिटर जडान गरी १०४.६ मेगाहर्जमा वि.सं २०७३ साल माघको १९ गतेदेखि बिहान ६ बजेदेखि १० बजेसम्म परीक्षण प्रसारण सुरू गरेको हो भने वि.सं २०७४ साल जेठ १५ गतेदेखि रेडियोको नियमित प्रसारण भइरहेको रेडियो केएमसी (Radio KMC) कलसाइन भएको मोफसलको हालसम्मको एउटै शैक्षिक रेडियोको लोगो ।





स्रोतः https://radiokmc.com/listen/Live

मोफसलको हकमा भने पत्रकारिता तथा आमसञ्चार सम्बन्धी पठनपाठन भइरहेका क्याम्पसहरुमध्ये सर्वप्रथम सुदूरपश्चिम प्रदेशको कैलाली बहुमुखी क्याम्पसका नाममा २०७३ साल पौष ३ गते ५०० वाट प्रसारण क्षमताको ट्रान्स मिटर जडान गरी १०४.६ मेगाहर्जमा एफएम रेडियो प्रसारणको इजाजत पत्र नंम्बर ९११/२०७३(७४ जारी गरियो । 'यता कैलाली बहुमुखी क्याम्पसले शैक्षिक सत्र २०७३ को माघ महिनाको १९ गतेदेखि रेडियो केएमसी (Radio KMC) कलसाइनमा बिहान ६ बजेखि १० बजेसम्म परीक्षण प्रसारण सुरु गरेको हो भने वि.सं २०७४ साल जेठ १५ गतेदेखि रेडियोको नियमित प्रसारण अन्तर्गत बिहान ६ बजेदेखि १० बजेसम्म तथा दिवा सेवा दिउँसो ३ बजेदेखि राति १० बजेसम्म व्यवस्थित ढंगबाट अगाडि बढाइएको छ (https://radiokmc.com/listen/Live) ।' जसमा स्थानीय पालिका तथा सरकारका सम्बद्ध कार्यालयहरुसँगको सहकार्यमा विविध सचेतना, शिक्षामूलक तथा समाचारमूलक गतिविधिहरूमा आधारित

कार्यक्रमहरू उत्पादन र प्रसारण क्याम्पस हाताभित्रैबाट भइरहेको छ । लगत्तै यसै अवधिमा कर्णाली प्रदेशको राजधानी समेत रहेको सुर्खेतको मध्यपश्चिम विश्वविद्यालयले पनि नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट ९३०/२०७३(७४ नम्बरमा रेडियो युनिभर्सिटी ९५.९ मेगाहर्जमा ५००वाट प्रसारण क्षमताको क्याम्पस रेडियो सञ्चालनको इजाजतपत्र प्राप्त गरेको भए पनि हालसम्म उक्त विश्वविद्यालयले शैक्षिक रेडियो प्रसारणमा ल्याउन सकेको छैन (https://mocit.gov.np/)।' मोफसलको विडम्बनाकै सवालमा पत्रकारिता तथा आमसञ्चार सम्बन्धी पठनपाठन भइरहेका क्याम्पसहरूमा चाहेर पनि अत्याधुनिक प्रविधिको प्रयोग गर्न पाउने छुटबारे केन्द्रले सकारात्मक सोचसम्म राखेको देखिदैन । सुदूरपश्चिमबाट कैलाली बहुमुखी क्याम्पसले पत्रकारिता विषयलाई शिक्षण, प्रशिक्षण र पूर्ण प्रविधिगत अभ्यासको विषयका रूपमा अंगीकार गर्न अभ्यासरत छ । तथापि आमसञ्चार विषयको सान्दर्भिकता र समय सापेक्षतालाई आत्मसात गर्दै सैद्धान्तिक ज्ञानको दायरालाई प्रविधिमैत्री बनाउन सके मात्रै पत्रकारिता विषयको मर्म चरितार्थ हुनसक्छ । यस किसिमको अभ्यासले विद्यार्थीले क्याम्पस तहदेखि नै सिक्दै कमाउँदै व्यावसायिक सिकाइका रूपमा धारण गर्न पाउने अवस्था स्वतः पैदा हुनु भनेको सरकारको पढदै कमाउँदै नीतिको अनुसरण हुनु हो ।

**तस्बिर: ७**

वि.सं २०७३ साल मंसिर २२ गते नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालयद्वारा शैक्षिक एफएम रेडियो प्रसारण गर्ने गरी कैलाली बहुमुखी क्याम्पसका नाममा १०४.६ मेगाहर्ज फ्रिक्वेन्सी कायम भएको ५०० वाट प्रसारण क्षमता सहित राष्ट्रिय प्रसारण नियमावली २०५२ को नियम ४ सँग सम्बन्धित रेडियो प्रसारण इजाजतपत्र र हरेक बर्ष नवीकृत प्रतिलिपि समावेश गरिएको हो ।


सूचना तथा सञ्चार मन्त्रालय

स्रोत: https://radiokmc.com/listen/Live

## कलेज रेडियोका चुनौतीहरू

पत्रकारितालाई आवाजविहीनको आवाज भन्ने गरिन्छ । अझ रेडियो प्रसारणले त सबै उमेर समूह, जातजाति, लिङ्ग, वर्ग क्षेत्र, धर्म, सम्प्रदाय तथा भूगोललाई सबैभन्दा बढी गाँजेको हुन्छ । रेडियो प्रसारणले आफ्नो लक्षित भुगोलका जनसंख्यालाई सम्बोधन गर्ने उद्देश्यले विविध प्रकृतिका कार्यक्रमहरू उत्पादन तथा प्रसारणमा जोड दिएको हुनैपर्छ । परिणामस्वरूप ओझेलमा परेका, पिछडिएका, अपहेलित तथा उपेक्षित, विकासको मूलधारमा नसमेटिएका, बहिष्करणमा परेका, अल्पसंख्यक, लोपोन्मुख वर्ग, आदिवासी जनजाति एवं दलित वर्ग लगायत सर्वसाधारण नागरिकका माग, आवश्यकता तथा अभिरूचिलाई सम्बोधन गर्ने, सशक्तीकरण गर्ने र जागरण भर्ने माध्यम नै रेडियो हो भन्ने बुझाइ छ । विख्यात बेलायती नाटककार टोम स्टोपार्डले पत्रकारिताका सन्दर्भमा भनेका थिए-'म अझै विश्वस्त छु कि यदि तपाइँको चाहना संसार परिवर्तनको हो भने सबैभन्दा छिटो हतियार पत्रकारिता नै हो (आचार्य: २०६७) ।' अर्थात् रेडियो पत्रकारिताले दिगो विकासमा सहयोग पुऱ्याउँछ भने शैक्षिक जागरण ल्याउनमा, अनौपचारिक शिक्षाको जग सुश्चित गर्नमा, सामाजिक मूल्य-मान्यतालाई पुस्तान्तरण गर्नमा समेत अहम् भूमिका खेलेको हुन्छ । शैक्षिक रेडियोले समाजमा सञ्चालित सामुदायिक तथा व्यावसायिक प्रयोजनमा सञ्चालित रेडियोको तुलनामा विश्वविद्यालयका शैक्षिक गतिविधिहरू सम्प्रेषण गर्ने, विद्यार्थीको क्षमता एवं प्रतिभा प्रस्फुटन हुने साहित्यिक, विज्ञान प्रविधिका प्रदर्शनी, अन्तर संकायबीच हाजिरजवाफ प्रतियोगिता सञ्चालन गर्ने, प्रत्यक्ष सांगीतिक कन्सर्ट आयोजना गर्ने, सामान्य ज्ञान सम्बन्धी कार्यक्रम उत्पादन गर्ने तथा विद्यार्थीको श्रेणीगत तथा तहगत अवस्थालाई ध्यानमा राखेर लोकसेवा तयारीका कक्षाहरू सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा शैक्षिक रेडियोले विशेष पहिचान हासिल गर्न सक्छ । तर तालिम प्राप्त, अनुभवी तथा क्षमतावान जनशक्तिको अभाव हुँदा विद्यार्थीले प्रशिक्षणका रूपमा भूमिका निर्वाह गर्दै लक्षित वर्गका अपेक्षालाई सक्दो सम्बोधन गर्ने प्रयत्न गर्नु आफैमा प्रमुख चुनौतीको विषय हो ।

अर्कोतिर सरकारले नै शैक्षिक रेडियोलाई व्यावसायिक तथा सामुदायिक रेडियोको दाँजोमा गौण गैरप्रयोजनमुखी ठानेकाले यस्ता रेडियो केवल विद्यार्थीको प्रयोगात्मक प्रयोजनका लागि हो भन्ने साँघुरो बुझाइ छ । अतः सरकारी निकायले प्रदान गर्ने लोक कल्याणकारी विज्ञापन तथा जनहितकारी सूचना पाउन ठुलो समस्या छ । 'क्याम्पस रेडियोले समेत प्रचलित बजारको माग, आवश्यकता, अभिरुचि र सन्तुष्टि बमोजिमका अन्तर्वस्तु उत्पादन गर्नै पर्ने भए पनि विशेष रेडियो कार्यक्रमहरूमध्ये रेडियो पत्रिका, रेडियो नाटिका, रेडियो प्रोफाइल, रेडियो प्रहसन, यथारुप, विशेष अन्तर्वार्ता, रेडियो गीतिकथा, विवेचना तगायतका मनोरञ्जनात्मक कार्यक्रम उत्पादनका लागि लगानी वा स्रोतको अभाव पूर्तिको दिगो स्रोत पहिल्याउनु अर्को चुनौती हो (https://www.americanradioarchives.com/the-benefits-of-college-radio/) ।' क्याम्पस रेडियोले सर्वप्रथम स्थापित अन्य रेडियोसँग प्रतिस्पर्धामा उर्तिनु पर्ने चुनौतीका बाबजुद पनि विश्वमा प्रसारणरत क्याम्पस रेडियोले रेडियो क्लबहरू गठन गरेर बैकिङ्ग तथा कर्पोरेट, व्यापारिक र सरकारी संयन्त्रहरूलाई विश्वासमा लिएर लोक तथा जनहितका कार्यक्रम उत्पादनको साझेदारी गर्न विश्वविद्यालयले नै अग्रसरता देखाउनु पर्नेहुन्छ । यस्ता क्याम्पस रेडियोका आयआम्दानीका बैकल्पिक स्रोतहरु नहुँदा प्रत्येक

बर्ष रेडियो प्रसारण इजाजतपत्र तथा लाइसेन्स नवीकरण तोकिएकै शुल्क बमोजिम तिर्नुपर्ने भएकाले ठुलो आर्थिक भार बहन गर्नुपर्ने अर्को चुनौती विद्यमान छ ।

विश्वमा व्यावसायिक रेडियो प्रसारणको लगत्तै विश्वविद्यालयहरूले शैक्षिक रेडियो प्रसारणलाई अध्ययन अध्यापनको मुख्य साधन तथा उपकरणका रूपमा सञ्चालन गर्ने गरेको ऐतिहासिक प्रमाणमा स्पष्टै छ । त्यस्ता शैक्षिक रेडियोको सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा संघीय तथा प्रादेशिक सरकारहरूले समयानुकूल नीतिगत तथा कानुनी व्यवस्था गरेर सहज वातावरण बनाएको देखिन्छ । नेपालको सन्दर्भमा नेपालको संविधानको धारा २२६ को उपधारा १ मा प्रसारण क्षेत्रका सवालमा गरिएको व्यवस्था बमोजिम पछिल्लो समय संघीय, प्रादेशिक तथा स्थानीय तहमा समेत एफएम रेडियो व्यवस्थापन तथा सञ्चालन कार्यविधि जारी हुनुका साथै तत्सम्बन्धी ऐन नै जारी भइसकेका छन् । ‘नेपालमा एफएम प्रसारणको ढोका खोल्ने अवस्था २०४९ सालमा राष्ट्रिय प्रसारण ऐन जारी भएसँगै सम्भव भएको हो । राष्ट्रिय प्रसारण ऐन २०४९ को दफा ३ (क) मा गरिएको कानुनी व्यवस्था अनुरूप निजी क्षेत्रले पनि सूचना, शिक्षा तथा स्वस्थ मनोरञ्जनात्मक विषयवस्तुमा आधारित कार्यक्रम उत्पादन गर्न पाउने गरी नेपाल सरकार सूचना तथा सञ्चार प्रविधि मन्त्रालयबाट इजाजतपत्र प्राप्त गर्न सकिने व्यवस्था गर्‍यो (भण्डारी, २०७४) ।’

वि.सं २०५२ सालमा जारी भएको राष्ट्रिय प्रसारण नियमावलीमा सामुदायिक तथा व्यावसायिक एफएम रेडियो प्रसारणका लागि इजाजत अनुमतिपत्र प्रदान गर्न सकिने ब्यहोरा उल्लेख गरियो भने शैक्षिक रेडियो प्रसारणका हकमा कहींकतै उल्लेख गरिएको छैन । ‘पछिल्लो समय २०७३ मा जारी भएको राष्ट्रिय आमसञ्चार नीति २०७३ को दफा ३ अन्तर्गत रहेको विषयगत नीतिको ३.४ मा सामुदायिक प्रसारणभित्र शैक्षिक एफएमको प्रसारणका सम्बन्धमा व्यवस्था गरिएको छ । जसमा उल्लेख गरिए अनुसार- सामुदायिक वा सार्वजनिक शैक्षिक संस्थाको स्वामित्वमा रहेको नाफा आर्जन नगर्ने उद्देश्यका साथ सञ्चालित एफएम रेडियोलाई सामुदायिक प्रसारणका रूपमा परिभाषित गरी त्यस्ता रेडियोलाई उद्देश्य, स्वामित्व र विषयवस्तुको आधारमा वर्गीकरण गरी तदानुसार मापदण्ड बनाइ सुविधा र सहुलियत प्रदान गरिनेछ (https://www.opmcm.gov.np/wp)।’ यसै नीतिलाई कार्यविधि तथा ऐनका रूपमा आत्मसात गर्न संघीय सरकार, प्रदेश तथा स्थानीय तहहरूले एफएम रेडियो प्रसारण सम्बन्धमा व्यवस्थापन तथा सञ्चालन कार्यविधि २०७४ तथा एफएम रेडियो व्यवस्थापन तथा सञ्चालन ऐन २०७५ समेत जारी गरी लागु गरेका छन् । यद्यपि सम्बद्ध निकायले स्थानीय स्तरमा सञ्चालित निजी तथा सामुदायिक शैक्षिक एफएम रेडियोका हकमा कुनै किसिमको कार्यवाही अबलम्बन गरेको देखिएको छैन । जसको कारण यस्ता शैक्षिक सामुदायिक रेडियोको हकमा लोक कल्याणकारी विज्ञापन प्राप्ति तथा एफएमको वर्गीकरण तथा कार्यक्रमको श्रेणी मापन गर्ने संयन्त्र समेत सम्बन्धित निकायबाट अझै व्यवस्था हुन सकेको छैन । हुन त विश्वमा जसरी बाक्लो रुपमा शैक्षिक तथा विद्यार्थी क्लब मार्फत सञ्चालित शैक्षिक रेडियोहरू प्रसारणमा छन् त्यसको तुलनामा दक्षिण एसियाको हकमा भने यस किसिमको अभ्यास नितान्त नौलो र पृथक पनि हो ।

भनिन्छ नि शिक्षा भनेको अद्वितीय ज्ञान र शिल्पको दीक्षा हो । शिक्षाका दुई पाटामध्ये एउटा सैद्धान्तिक र अर्को प्रयोगात्मक हो । प्रयोगात्मक वैचारिकको विपरीत कार्यमूलक पक्ष हो । वास्तविक अर्थमा

व्यावहारिक शिक्षा, जुन कुँजो र अशक्त ज्ञानभन्दा धेरै बलियो एवम् टिकाउ पनि हुन्छ । त्यसैले पत्रकारिता शिक्षामा तुलनात्मक रुपमा वैचारिकभन्दा प्रयोगात्मक कार्यलाई अनिवार्यता र अपरिहार्यतासँग जोडेर हेर्ने गरिन्छ । जसरी माटोका भाँडा बनाउनेलाई त्यसको आकार प्रकारको ज्ञान हुन्छ । माटोसँगै हुर्केका र त्यसैमा जीवन समर्पित गरिरहेका किसानलाई माटोको उर्वराशक्तिबारे पूर्ण ज्ञान पनि हुन्छ । त्यसैगरी पत्रकारितामा उपकरण र प्रविधिसँग रमाउन सक्नेले मात्रै समग्र पत्रकारिताको महत्व बोध गर्न अनि गराउन सक्छ । 'यतिबेला अत्याधुनिक प्रविधिको विकास र विस्तारले समाजका हरेक प्रणालीलाई सुसज्जित गर्ने अवस्था पैदा भइसकेको छ । यस यर्थाथलाई आत्मसात गर्दै सन् १९९५ मा अर्जेन्टिनाको राजधानी ब्युनर्स आयर्समा आयोजित सूचना प्रविधि सम्बन्धी विश्व सम्मेलनलाई सम्बोधन गर्दै अमेरिकी तत्कालीन उपराष्ट्रपति (गोर, २००४) ले अस्ट्रेलियाको राजधानी ब्युनस आयर्समा आयोजित सूचना प्रविधि सम्बन्धी विश्व सम्मेलनलाई सम्बोधन गर्दै विश्व यतिबेला 'सुचना महामार्ग' अर्थात् इर्न्फरमेसन सुपरहाइवे (Information Superhigh-way) मा जोडिएको तथ्यको खुलासा गरेका थिए (कसजु, २०६६) ।'

**तस्बिरः ८**

हरेक बर्ष स्नातक तह द्वितीय बर्षको सञ्चार अनुसन्धान विषयको पाठ्यक्रममा समावेश गरिएको अतिरिक्त पूरकपूर्तिको प्रयोजनका लागि स्थलगत रुपमा मिडिया कन्टेन्ट वा अन्तर्वस्तुको सर्वेक्षण गर्ने क्रममा विद्यार्थी र सम्बन्धित मिडियाका व्यक्तिसमेतको सामुहिक तस्विर खिच्दै रेडियो बाजुराका स्टेसन म्यानेजर तुलाराम जैशीका साथ २०७४ सालमा र २०७८ सालमा बैतडीको दशरथचन्द नगरपालिकास्थित रेडियो निङ्गलाशैनीको ५०० जनामाथिको प्रभाव मूल्यांकन गर्ने क्रममा खिचिएको सामुहिक तस्विर समेटिएको छ ।




तस्बिर स्रोतः लेखक

आमसञ्चार तथा पत्रकारिता विषयलाई पूर्ण प्रयोगात्मक बनाउन विश्वविद्यालयहरूले आ-आफ्ना पाठ्यक्रममा प्रयोगात्मक पक्षलाई औसतमा ३० प्रतिशत अङ्कभार कायम गरेका छन् । 'विभिन्न सञ्चार माध्यममा आवधिक अनुप्रशिक्षण गराउने, मिडियाको पहुँच तथा प्रभावबारे सर्वेक्षण अनुसन्धानको सुविधा उपलब्ध गराउने, आन्तरिक गृह प्रकाशन सम्बन्धी विविधगृह प्रकाशन वा संकायका आन्तरिक बुलेटिनको अनलाइन/अफलाइन प्रकाशनको जिम्मेवारी विद्यार्थीलाई तोक्ने, एफएम रेडियो प्रसारणरत क्याम्पसले विद्यार्थीको क्षमता तथा अभिरूचिका रेडियो कार्यक्रम उत्पादनतर्फ आकर्षित गराउने, फिल्ड वर्क अन्तर्गत फोटोग्राफी-भिडियोग्राफी सुटिङ्ग गराउने जस्ता प्रयोगात्मक अभ्यासहरूबाटै पत्रकारिता शिक्षण-सिकाइ व्यावहारिक र परिपक्व बनाउन सकिन्छ (चालिसे, २०६४) ।'

रेडियो प्रसारण हरेक देशको सर्वाधिक पहुँच योग्य र सर्वसुलभ प्रविधि हो । जसले हरेक किसिमका सवाललाई स्थानीय, क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रियकरण गर्नमा अहम् भूमिका निर्वाह गर्दै आएको छ । अझ शैक्षिक प्रसारणहरूले विश्वविद्यालयका अन्तर्निहित ज्ञान, विज्ञान,विवेक तथा शैक्षिक चेतनाको दायरालाई मुखरित गर्न समेत मदत गर्दछ । विद्यार्थीलाई पढाइसँगै रेडियोमार्फत कलेजभित्रै आम्दानी गर्ने प्रमुख आधार बनिरहेको यथार्थ केही अभ्यासहरूले प्रष्ट्याइसकेको छ ।'यसै सन्दर्भमा अमेरिकाको पेन स्टेट विश्वविद्यालय (Penn State University) का स्टेभन मायर्स (Steven Mayers, 2020) ले उल्लेख गरेका कतिपय बुँदालाई विश्लेषण गर्दा शैक्षिक रेडियोले विश्वविद्यालयको शिक्षण सिकाइलाई गुणात्मक तथा बजारमुखी बनाउने एउटा अति महत्वपूर्ण प्रविधि वा प्रणाली हो भनेर बुझ्न सकिन्छ (https://radio.co/blog/online-college-radio-benefits-know) ।' शैक्षिक संस्थाद्वारा सञ्चालित कलेज रेडियोमार्फत विश्वविद्यालयको पाठ्यक्रममा समाज वा अभिभावकलाई जोड्न सकिन्छ । त्यसैगरी अनलाइन प्रविधिको सर्वब्यापकतासँगै आजभोलि हरेक संस्थाले लक्षित वर्गमाझ आफ्नो बलियो र चिरस्थायी पहिचान वा ख्याती कायम गर्न पनि अनिवार्य भइसकेको छ भने विश्वविद्यालयप्रति आम अभिभावक तथा जनसमुदायलाई जोड्न पनि कलेज प्रसारण नै विश्वब्यापी मान्यता हो भन्ने दृष्टिकोण पैदा भइसकेको छ । यसै सन्दर्भमा अनुसन्धानकर्ता (विल्किन्सन, २०२०) ले विद्यार्थीलाई प्रतिस्पर्धी बनाउन, ब्यवसायसँग जोड्न, स्थानीय पेसा-व्यवसायको प्रबर्द्धन र संरक्षण गर्न, मौलिक कला, संस्कृति, गीत-संगीतको संरक्षण गर्न, स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन, विश्वविद्यालयको शैक्षिक क्यालेन्डरको प्रभावकारिता सिद्ध गर्नुका साथै शैक्षिक संस्थाको गुणात्मक तथा चिरस्थायी परिचय वा पहिचान स्थापित गर्न समेत अर्थपूर्ण भूमिका निर्वाह गर्दछ भन्नेतर्क गरेका छन् । शैक्षिक वा कलेज रेडियो प्रसारणको अभ्यासबाट सम्बन्धित संस्थाप्रतिको सामाजिक सद्भाव अभिबृद्धि हुनुका अतिरिक्त शैक्षिक संस्थाका समग्र गतिविधि तथा क्रियाकलापहरूको बजारीकरण गरी आमचासो वा चिन्ता जागृत गरेर लाभ लिन सकिन्छ ।

## निष्कर्ष

पत्रकारिता शिक्षा विद्यालयदेखि महाविद्यालय र विश्वविद्यालयसम्मको पाठ्यक्रममा समावेश गर्नु जरूरी छ । आजको युग सूचना प्रविधिको युग भएकाले शिक्षणसँगै प्रशिक्षण र प्रविधिको प्रयोगलाई पनि

आत्मसात गर्नु अपरिहार्य भइसकेको छ । पत्रकारिता शिक्षा प्रयोगशाला (रेडियो, भिडियो, ल्याब, विधुतीय वा मुद्रण छापाखाना, अडियो-भिडियो रेकर्डर, माइक्रोफोन, कम्प्युटर-प्रोजेक्टर) सुविधा सम्पन्न विधुतीय पुस्तकालयको प्रबन्धकीय गठजोड हो । प्रविधिगत प्रबन्ध मिलाउन सकेको खण्डमा आमसञ्चारको शिक्षण-सिकाइको प्रक्रिया वैज्ञानिक र विधिसम्मत बन्न सक्छ । आमसञ्चार तथा पत्रकारिता अध्ययनलाई सूचना-प्रविधि पद्धतिमा ल्याउने इन्फोरम्याक्ट्रिक्सको सिद्धान्तलाई आधार मानेर शिक्षण, प्रशिक्षण र प्रविधीकरणबाट मात्र पूर्णतामा रुपान्तरित गर्न सकिन्छ । अमेरिकाको पेन स्टेट विश्वविद्यालयका स्टेभन मायर्सकै तर्कअनुसार शैक्षिक संस्थाले सञ्चालन र व्यवस्थापन गर्ने कलेज रेडियोलाई सद्भावना पैदा गर्ने माध्यमका रूपमा विकास गर्न सके मात्रै पनि शैक्षिक कार्यक्रमप्रति सरोकारवाला पक्षको विश्वास आर्जन गर्न सहज हुन्छ । (https://radio.co/blog/online-college-radio-benefits-know)।' साथै, यी विविध पक्षहरुलाई आत्मसात गरी प्रत्येक शैक्षिक संस्थाहरूले शिक्षण कार्यलाई प्रयोगात्मक बनाउन प्रभावकारी कदम चाल्नु आजको आवश्यकता भइसकेको छ ।

## सन्दर्भ सामाग्री सूची


आचार्य, भानुभक्त (२०६८). *आमसञ्चार तथा पत्रकारिता अध्ययन.* प्रधान बुक हाउस ।

उप्रेती, टङ्क (२०६६). *सञ्चार अनुसन्धानः पद्धति र अभ्यास.* साझा प्रकाशन ।

कसजु, विनयकुमार (२०६६). *सूचना प्रविधिको विकासले मानव जीवनमा पारेको प्रभाव.* रासस दिग्दर्शन ।

चालिसे, विजय (२०६४). *आमसञ्चारका सिद्धान्तहरू.* साझा प्रकाशनको छापाखाना ।

जोशी, वसन्तध्वज (२०५७). *नेपाली पत्रकारिताः विगतदेखि वर्तमानसम्म.* नेपाल प्रेस इनिष्टिच्युट ।

पाँडे, रामकुमार (२०६७). *पत्रकारिता शिक्षा शिक्षण.* रासस स्वर्णमहोत्सव विशेषाङ्क ।

भण्डारी, टीका (२०७४). *रेडियो पत्रकारिता.* प्रधान बुक हाउस ।

मैनाली, रधुमोहन (२०६७). *रेडियो पद्धति.* प्रधान बुक हाउस ।

Anyanwu, C.N. (1978). *The agricultural radio clubs in the Republic of Benin: A case study of cultural diffusion in West Africa*. University of Ibadan.

Baker, A., PhD. (2005). Reviewing net-only college radio: A case study of brooklyn college radio. *Journal of Radio and Audio Media, 17*(1), 109-125.

Chandar, U. and Sharma, R. (2003). Bridges to effective learning through radio. *The International Review of Research in Open and Distributed Learning, 4*(1).

Dunn, H.A. (2018). *History of journalism education: An analysis of 100 years of journalism education, B.S.* University of North Carolina at Pembroke, Master's Degree Thesis paper.

Jumani, N. B. (2009). Study on role of radio for rural education in Pakistan. *Turkish*

*Online Journal of Distance Education, 10*(2).

Noreen, M. R., Dr. Bakht, & Azeema, N. (2021). Assessing role of campus radio in Pakistan: AsStudy of Rawalpindi/Islamabad Universities. *Elementary Education Online*, 20(5), 6921-6931.

Rahaman, R., & Hoque, M.R. (2014). Radio for education in Bangladesh: Trends and future scope. *Journal of Business Studies, 35*(2).

Tremblay, R. W. (2009). A Delphi study on the future of college radio. *Journal of Radio Studies, 10*(2), 270-185.

Verma, A. (2014). The challenges and prospects of a campus radio. *E-Journal; Federation of Community Radio Stations (FCRS)*, Regd. No. S/425/2014.

https://mocit.gov.np/source/FM.pdf

https://radio.co/blog/online-college-radio-benefits-know

https://www.opmcm.gov.np/wp

https://mocit.gov.np

https://www.mvsu.edu/radio-station-home/mvsu-radio-listen-live-wvsd-917

https://mytuner-radio.com/radio/country/india/genre/college

https://mytuner-radio.com/radio/country/india/genre/college-stations

https://en.wikipedia.org/wiki/WNYU-FM

https://wnas.org/radio

https://radiokmc.com/ live

https://en.wikipedia.org/wiki/Student_Radio_Association

https://en.wikipedia.org/wiki/Campus

https://www.tandfonline.com/doi/abs/10.1080/19376521003719409

https://www.tandfonline.com/doi/abs/10.1207/s15506843jrs1002_

https://www.fbsdu.com/news_event 146648582110.%20Rabeya%20Rahaman%20&%20Md.pdf

https://www.researchgate.net/publication/26872604

https://fcrs.in/images/journal/FCRS0001_Amit_Verma

https://ilkogretim-online.org

https://web.worldbank.org/archive/website00236B/WEB/RAD_01

https://communityvoices.in/directory/community-media-profile/1370/

https://www.irrodl.org/index.php/irrodl/article/view/118/198

https://digitalcommons.lsu.edu/cgi/
viewcontent.cgi?article=5642&context=gradschool_theses

https://en.wikipedia.org/wiki/Campus_radio#Bangladesh